नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ६०७

मितिः-२०८०/३/३०

विषयः- सभाबाट बजेट स्वीकृत भएको विवरण अद्यावधिक गर्ने सम्बन्धमा।

श्री जिल्ला समन्वय समिति (सबै)

श्री नगर/गाउँपालिका (सबै)

प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं. ५६७ मिति २०८०/०३/११ को बजेट विवरण प्रविष्ट गर्ने सम्बन्धी पत्र प्राप्त भएकै छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) र (५) बमोजिम सभामा पेश भएको बजेट सोही दफाको उपदफा (६) बमोजिम असार मसान्तभित्र सभाबाट पारित गरिसक्नुपर्ने व्यवस्था अवगतनै छ। यसरी सभामा पेश भएको तथा सभाबाट पारित भएको बजेटको विवरण यस मन्त्रालयको पोर्टलमा यथासिध्र अद्यावधिक गर्न अनुरोध गरिएकोमा अझैपनि कतिपय नगर/गाउँपालिकाबाट पोर्टलमा अद्यावधिक नगरेको पाईएकोले उक्त विवरण देहाय बमोजिम अद्यावधिक गर्नुहुन अनुरोध छ।

तपशीलः

१. बजेट सभामा पेश गरी पारित गरेका गाउँ/नगरपालिकाले मिति २०८०/३/३१ भित्रै बजेट पेश गरेको तथा पारित गरेको दुबै विवरण पोर्टलमा अद्यावधिक गर्ने ।

२. बजेट पेश गरेका तर पारित गर्न बाँकी रहेका गाउँ/नगरपालिकाले बजेट पेश गरेको विवरण पोर्टलमा अद्यावधिक नगरेको भए यथासिध्र अद्यावधिक गर्ने।

जिल्ला समन्वय समितिबाट मन्त्रालयमा पठाउने विवरणको ढाँचा

| | बजेट पेश गरेको विवरण | | | बजेट पारित गरेको विवरण | |
|---|---|---|---|---|---|
| स्थानीय तहको संख्या | असार १० भित्र बजेट पेश गर्ने स्थानीय तहको संख्या | तोकिएको समय पछि सभामा बजेट पेश गर्ने स्थानीय तहको नाम र बजेट पेश गरेको मिति | २०८० असार मसान्त भित्र बजेट पेश नगर्ने स्थानीय तहको नाम | असार मसान्त भित्र बजेट पारित गर्ने स्थानीय तहको संख्या | तोकिएको समयमा बजेट पारित नगर्ने स्थानीय तहको नाम |
| | | | | | |

पुनस्चः स्थानीय तहबाट आगामी आ.ब. २०८०/८१ को बजेट पेश तथा पारित सम्बन्धी विवरण मन्त्रालयको पोर्टलमा प्राप्त सूचनाको आधारमा सरोकारवाला निकायमा संप्रेशण हुने व्यहोरा समेत अनुरोध छ। विवरण पोर्टलमा प्रविष्ट गर्न कुनै प्राविधिक समस्या परेमा फोन नं. ०१-४२००३०६ वा email: it.section@mofaga.gov.np मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

चिरन्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थः श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, बबरमहलः एकीकृत विवरण तयार गरि पठाउनु हुन

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोडको लागि ।

जिससबाट विवरण पठाउने इमेलः cmmofald@gmail.com